## बैठक नं ३६

आज मिति २०८१ साल असोज महिनाको ४ गतेका दिन मुड्केचुला गाउँपालिकाका अध्यक्ष श्री दत्त बहादुर शाही ज्युको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसि देहाएका प्रस्ताबहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

### उपस्थिति

| | |
|---|---|
| श्री दत्त बहादुर शाही | अध्यक्ष |
| श्री दुदा रोकाया | उपाध्यक्ष |
| श्री रेशम महतारा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री बाग बहादुर बुढा | १ नं वडाध्यक्ष |
| श्री जग बहादुर सार्की | २ नं वडाध्यक्ष |
| श्री बिष्णु बुढा | ३ नं वडाध्यक्ष |
| श्री कृति बुढा | ४ नं वडाध्यक्ष |
| श्री ईच्छ बहादुर शाही | ५ नं वडाध्यक्ष |
| श्री नरेन्द्र बहादुर शाही | ६ नं वडाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | ७ नं वडाध्यक्ष |
| श्री गोर्ख रोकाया | ८ नं वडाध्यक्ष |
| श्री दिलिप कुमार बुढा | ९ नं वडाध्यक्ष |
| श्री जलसरी बुढा | कार्यापालिका सदस्य |
| श्री लिला पुन सुनार | कार्यपालिका सदस्य |
| श्री मायादेबी बोहोरा | कार्यापालिका सदस्य |
| श्री मनकोईली शाही | कार्यपालिका सदस्य |
| श्री देब बहादुर परियार | कार्यपालिका सदस्य |
| श्री काली बहादुर बि.क. | कार्यपालिका सदस्य |
| श्री सुकबिर रोकाया | रोजगार संयोजक |
| श्री दिप बहादुर शाही | कार्यालय सहयोगि |

### प्रस्ताबहरु :-

CamScanner

१. प्रशासकीय भवनको लागि रकम माग गर्ने सम्बन्धमा
२. प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुदान रकम बाँडफाँड सम्बन्धमा
३. मुख्यमन्त्री रोजगार कार्यक्रमको छुट योजना माग सम्बन्धमा
४. विद्युत हस्तान्तरण सम्बन्धमा
५. इन्टरनेट जडान सम्बन्धमा
६. अनुदान शिक्षकको थप रकम माग सम्बन्धमा
७. आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी सम्बन्धमा
८. विद्युत सामाग्री थप सम्बन्धमा ।

निर्णयहरु-

१. प्रश्ताव नं १ मा छलफल गर्दा मुड्केचुला गाउँपालिकाको प्रशासकीय भवनको ठेक्का आव्हान भई सम्झौता भएकोमा लागत साझेदारीमा थप रकम सुनिश्चितताको लागि **स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय** समक्ष पेश गर्ने निर्णय गरियो
२. प्रश्ताव नं २ मा छलफल गर्दा यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकम तपशिल बमोजिम योजना कार्यन्वयन गरि खर्च गर्ने निर्णय गरियो

वडा नं १- वडा कार्यालय घेरबार, रु ६ लाख ७५ हजार
वडा नं २- वडा कार्यालय घेराबार, रु ६ लाख ७५ हजार
वडा नं ३- वडा कार्यालय घेराबार, रु ६ लाख ७५ हजार
वडा नं ४- सार्वजनिक मिल घेराबार, रु ६ लाख ७५ हजार
वडा नं ५-वडा कार्यालय तथा स्वास्थ्य केन्द्र मर्मत, रु ६ लाख ७५ हजार
वडा नं ६-..........................................., रु ६ लाख ७५ हजार
वडा नं ७-स्वास्थ्य चौकी मर्मत सम्भार, रु ६ लाख ७५ हजार
वडा नं ८- आधारभुत स्वास्थ्य घेराबार, रु ६ लाख ७५ हजार
वडा नं ९- सामुदायिक महिला भवन मर्मत रु १० लाख,

३. प्रस्ताव नं ३ मा छलफल गर्दा यस गाउँपालिको छुट भएका तपशिल बमोजिमको योजनाहरु मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेत समक्ष माग गर्ने निर्णय गरियो

वडा नं १- सामुदायिक महिला भवन निर्माण
वडा नं २-सामुदायिक महिला भवन निर्माण
वडा नं ३- भैरव आ..वि. भवन निर्माण
वडा न ४-सामुदायिक महिला भवन निर्माण
वडा नं ७-सामुदायिक महिला भवन निर्माण
वडा नं ८-सामुदायिक महिला भवन निर्माण
वडा नं ९-सामुदायिक यूवा क्लव भवन निर्माण

४. प्रश्ताव नं ४ मा छलफल गर्दा मुड्केचुला गाउँपालिका वडा नं ४ मा संचालित फेदिखोला लघु जलविद्युत आयोजना संचालनको जिम्मेवारी यस गाउँपालिकाले ग्रहण गरि सो को सम्पूर्ण व्यवस्थापन गा.पा. ले नै गर्ने गरि फेदिखोला लघु जलविद्युत समितिमार्फत बुझिलिने निर्णय गरियो

५. प्रश्ताव नं ५ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षण सहयोग अनुदान, आधारचूत तह ६-८ कोटामा कार्यरत ५ जना शिक्षकहरुमध्ये ३ जना शिक्षकहरुको पारिश्रमिक रु १३९९००० रुपैंया संघीय सशर्त अनुदान अन्तर्गत उपलब्ध भएकोमा बाँकी २ जना शिक्षकहरुको अपुग पारिश्रमिक रु ९,३३,४५० रुपैंया थप रकम शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुर समक्ष माग गर्ने निर्णय गरियो

६. प्रश्ताव नं ६ मा छलफल गर्दा यस गाउँ कार्यपालिका र वडा कार्यलयमा वर्ल्डलिंक ईन्टरनेट सेवा जडान गर्ने र सोको लागत वडा कार्यालय तर्फ विनियोजित संचार खर्च शिर्षक र गापा बाट विनियोजित ईन्टरनेट खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो

७. प्रश्ताव नं ७ मा छलफल गर्दा यस गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी रिक्त रहेको हुदाँ उक्त शाखाको जिम्मेवारी सह लेखापाल श्री डिल बहादुर बराललाई दिने निर्णय गरियो

८. प्रश्ताव नं ८ मा छलफल गर्दा यस गाउँपालिकामा संचालित छहरेखोला लघु जलविद्युत आयोजना र फेदिखोला लघु जलविद्युत आयोजनाको क्षमता विस्तार तथा मर्मत सम्भारको लागि लागत ईस्टमेट अनुसार विद्युत विस्तार सामाग्री खरिद शिर्षकमा विनियोजित रकम खर्च गर्ने निर्णय गरियो

CamScanner